जिल्ला प्रशासन कार्यालय काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.३९/६७

दर्ता मिति :– २०७०/१०/२३

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.२३४५ , मिति :– २०७१/१२/०१

| **वादी** | **प्रतिवादी** |
|---|---|
| प्रहरी प्रतिवेदनले **नेपाल सरकार**..........१ | मानबहादुर घलानको छोरा, काठमाण्डौं जिल्ला, लप्सेफेदी गा.वि.स. वडा नं.३ बस्ने वर्ष १८ को विक्रम भन्ने **विमान घलान**...................................... १ |
| निजको प्रमाण................................. | **निजको प्रमाण** |
| साक्षी .............. | साक्षी : मिलन मगर |
| कागज......................................... | कागज ..×... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. मिति २०७०/९/२९ गते का.जि. लप्सीफेदी गा.वि.स.वडा नं. ३ बस्ने वर्ष २० को विक्रम भन्ने विमान घलानले अवैध रुपमा हातहतियार ओसार/पसार र र विक्री वितरण गर्दछन् भन्ने विशेष सुराकीद्धारा जानकारी हुन आएको हुँदा हामी प्रतिवेदकहरु खोजतलास गर्ने क्रममा का.जि. जोरपाटी-२, जोरपाटी चोकमा निजलाई नियन्त्रणमा लिई शरीर तलाशी गर्दा निजको साथबाट कटुवा पेस्तोल थान १ फेला परेकोले सो पेस्तोल वरामद गरी निजलाई समेत पक्राउ गरी आबश्यक कारवाहीका लागि दाखिला गरिएको भन्ने समेत व्यहोराको खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

२. मनोज नामको व्यक्तिसँग करिव दुई महिना पहिलादेखी मेरो चिनजान भएको थियो, म जोरपाटी अत्तरखेल स्थित मेडिकल कलेजको भवन बनाउने काम गर्दा निजसँग भेटघाट भई सामान्य कुराकानी भयो, सोही अवस्थामा निजले एउटा प्लाष्टिकको पोका मलाई राख्न दिई ट्वाइलेट गएर आउछु भनी त्यहाँबाट बाहिर गएका थिए, केही क्षण पछि नै प्रहरी आई मलाई नियन्त्रणमा लिई मेरो शरीर तलासी लिदा मेरो साथबाट उक्त कटुवा पेस्तोल वरामद भएको हो, सो पेस्तोल मनोजले के कहाबाट के कुन प्रयोजनका लागि ल्याएका हुन् थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी विमान घलानले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

३. मिति २०७०/०९/२९ गते म जोरपाटी-२ स्थित रहेको अवस्थामा मानिसको भिडभाड देखी के भएछ भनी सो तर्फ जादा पछि नाम थाह हुन आएका विक्रम भन्ने विमान घलानबाट अवैध हतियार कटुवा पेस्तोल प्रहरीले वरामद गर्ने कार्य गर्दै गरेको देखेको हुँ, निजले के कुन प्रयोजनका लागि के कहाँबाट ल्याएका हुन् थाहा भएन भन्ने समेत व्यहोराको जीबन तामाङ्ग, सन्दिप श्रेष्ठ र सुजन कार्की समेतले गरेको कागज ।

४. मिसिल संलग्न खानतलासी तथा वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादी विमान घलानले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज समेतका मिसिल संलग्न कागज प्रमाणहरुबाट प्रतिवादी विमान घलानले विना इजाजत अवैध हातहतियार खरिद, ओसार पसार गर्ने र राख्ने समेतको कार्य गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी विमान घलानलाई **हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२) एवं दफा ५ विपरितको कसुरमा सोहि ऐनको दफा २० (२) बमोजिम सजाय गरी वरामद हातहतियार तथा खरखजाना सोहि ऐनको दफा १६ बमोजिम जफत गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।**

५. *मनोज भन्ने व्यक्तिले मलाई विदेश पठाई दिन्छु भनि म सँग मिति २०७०/०९/२९ गते रु २६,२००।- लिएका थिए, निजले विदेश पठाउने कुनै काम नगरी मैले फोन गरी के भएको छ भनि सोध्दा भेटेर कुरा गरौ भनी जोरपाटी पुलिस अगाडि वोलाई चिया खाई बसेर गफ गरौं भनी आफुले साथमा बोकी ल्याएको प्लास्टिकको झोला एक छिन समाती देउ भने बमोजिम मैले उक्त झोला समाउदा समाउदै सादा पोसाकमा आएका पुलिसले मलाई पक्राउ गरी हनुमानढोकामा ल्याएको हो । हनुमान ढोका मुद्दा शाखामा मात्र उक्त झोलामा कटुवा पेस्तोल रहेको भनी मलाई सुनाइएको हो । हालसम्म मैले उक्त पेस्तोल देखेकोसम्म छैन । मलाई पक्राउ गर्ने सादा पोसाकका प्रहरी र निज मनोज रातो रंगको पल्सर मोटरसाइकलमा आएका थिए प्रहरीले कुटपीट गराइ बयान गराएको हो, मलाई सजाँय हुनु पर्ने होइन* भन्ने समेत व्यहोराको प्रतिवादी विक्रम भन्ने विमान घलानले यस कार्यालयमा गरेको वयान ।

६. यसमा मिसिल संलग्न खानतलासी तथा वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादी विमान घलानले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज समेतका मिसिल संलग्न कागज प्रमाणहरु र निज प्रतिवादी विमान घलानले यस कार्यालयमा गरेको वयान समेतमा मनोज भन्ने व्यक्तिको यकिन नाम, थर र ठेगाना खुलाउन नसकेको अवस्था रहेकोले निज प्रतिवादी विमान घलानले विना इजाजत अबैध कटुवा पेस्तोल थान १ आफ्नो साथमा राखी **हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२) एवं दफा ५(१) अनुसारको कसुर गरेको होइनन् भन्न सक्ने अवस्था अहिले नै नदेखिएकोले पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी निज प्रतिवादी विमान घलानलाई सोहि ऐनको दफा २४** (क) **बमोजिम पूर्पक्षको लागि थुनामा राखी कारवाही गर्नु** भन्ने समेत व्यहोराको यस कार्यालयको मिति २०७०/१०/२३ को आदेश ।

७. वरामद भएको पेस्तोल स्थानीय स्तरमा वनाइएको ( Home Made ) भएको र ०.३०३/०.५१३ इन्चको गोली फायर हुन सक्ने भन्ने समेत व्यहोराको हतियार परीक्षण प्रतिवेदन ।

८. प्रतिवादी विमान घलान विदेश जाने सिलसिलामा मनोज क्षेत्री भन्ने व्यक्तिलाई रु २६२००।- दिएको थियो । निजिले आजभोली उडाई दिन्छु भन्दै टार्दै गरी राखेको अवस्थामा निज मनोज क्षेत्रीले प्रतिवादी विमान घलानलाई बोलाई जोरपाटीमा एउटा प्लास्टिकको झोला राख्न दिए, निज प्रतिवादीले राखेपछि निज मनोज क्षेत्रीले प्रहरी बोलाई निज प्रतिवादीलाई पक्राउ गर्न लगाएका हुन । उल्लेखित रकम नतिर्ने,विदेश पनि नपठाई दिने मनसायले फसाएका हुन । निज प्रतिवादी एउटा ज्यामी काम गर्ने कृषक परिवारका छोरा हुन । म निजलाई राम्रोसँग चिन्दछु । चालचलन,चरित्र व्यवहार एकदमै राम्रो छ । निजलाई अभियोग-पत्रको दावी लिएको सजाय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी विमान घलानका साक्षी मिलन मगरले यस कार्यालयमा गरेको वकपत्र ।

९. यस कार्यालयबाट बकपत्रका लागि तोकिएको तारेखमा वादी नेपाल सरकारका तर्फबाट साक्षी उपस्थित नगराइएको देखियो ।

१०. यिनै प्रतिवादी विमान घलान उपर सिन्धुपाल्चोक जिल्ला अदालतमा डाँका मुद्दा दायर भएको मिसिल संलग्न कागजातहरुबाट देखियो ।

## <u>ठहर</u>

११. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।९।२९ गतेका दिन काठमाण्डौं जिल्ला, जोरपाटी-२, जोरपाटी स्थित चोकमा प्रतिवादी विक्रम भन्ने विमान घलानको साथबाट कम्मरमा भिरी राखेको अवस्थामा कटुवा पेस्तोल थान-१ फेला परेको खानतलासी वरामदी मुचुल्का र सो मुचुल्काको रोहवरमा यी प्रतिवादीले सहीछाप गरेको देखिदा निज प्रतिवादी विक्रम भन्ने विमान घलानलाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२) र ५ को कसूर अपराधमा सोही ऐनको दफा २०(२) बमोजिम सजाँय गरी वरामद हतियार ऐ. दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

१२. यसमा प्रतिवादी विक्रम भन्ने विमान घलानले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

१३. मिसिल संलग्न कागजातरु अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा मिति २०७०।९।२९ गतेका दिन काठमाण्डौं जिल्ला, जोरपाटी-२, जोरपाटी स्थित चोकमा प्रतिवादी विक्रम भन्ने विमान घलानको साथबाट कम्मरमा भिरी राखेको अवस्थामा कटुवा पेस्तोल थान-१ वरामद भएको खानतलासी वरामदी मुचुल्का भइ सो मुचुल्काको रोहवरमा यी प्रतिवादीले आफ्नो साथबाट वरामद भएको भनी सहीछाप गरेको देखिन्छ । वरामद भई आएको चिजवस्तु चालु अवस्थामा रहेको कटुवा पेस्तोल भन्ने हतियार परीक्षण प्रतिवेदन रहेबाट उल्लेखित चिजवस्तु कानुनद्धारा नियमित वा प्रतिवन्धित हातहतियार रहेको तथ्यमा विवाद भएन ।

१४. प्रतिवादी विक्रम भन्ने विमान घलानले अनुसन्धानको क्रममा बयान गर्दा *पक्राउ पर्नु भन्दा करिव तीन महिना अगाडि मनोज नाम गर्ने व्यक्तिसँग मेडिकल भवन बनाउने क्रममा चिनजान भई उल्लेखित मितिमा जोरपाटी चोकमा सामान्य कुराकानी भई निज मनोजले एउटा प्लाष्टिकको पोका दिई गएको, केही छिन पछि प्रहरी आई शरीर तलासी गर्दा आफ्नो साथबाट कटुवा पेस्तोल वरामद गरेको, चिनेका साथीले हतियार राख्न दिएकाले आफ्नो साथमा राखेको, आफुसँग हतियार राख्ने इजाजत नभएको, मनोज भन्ने व्यक्तिको ठेगाना थाह नभएको* भनी खुलाएका र यस कार्यालयमा गरेको वयानमा *मनोज भन्ने व्यक्तिले मलाई विदेश पठाई दिन्छु भनी पैसा लिएको र विदेश पठाउने काम नगरेकोले आफुले निजलाई फोन गरी के भएको भनी सोध्दा जोरपाटी प्रहरी बीट अगाडि चिया खान बोलाई निजले प्लाष्टिकको झोला एक छिन समात भनी दिएको अवस्थामै सादा पोशाकमा आएका प्रहरीले आफुलाई पक्राउ गरी हनुमानढोका लगेको र त्यहाँ पुऱ्याई झोला खोल्दा कटुवा पेस्तोल रहेछ भनी सुनाएको, उक्त कटुवा पेस्तोल आफुबाट वरामद नभएको, वरामदी मुचुल्काको रोहवरमा भएको दस्तखत आफ्नै भएको, उक्त मुचुल्कामा प्रहरीले आफुलाई हेर्न पढ्न नदिई कुटपिट गरी सहीछाप गराएको* भनी खुलाएका रहेछन् । यद्यपी मिसिलमा प्रहरीले कुटपिट गरेको वा गर्नुपर्ने कुनै कारण भएको भन्ने कुनै प्रमाण देखिदैन ।

१५. अनुसन्धानका क्रममा प्रतिवादीलाई कुनै डर, त्रास, धाक धम्की, आश्वासन, शारीरिक तथा मानसिक यातना दिई वयान गराएको भन्ने कुनै प्रमाण मिसिल संलग्न नदेखिएकाले उक्त बयान प्रमाण ऐन, २०३१ को दफा ९(२) बमोजिम निजका विरुद्ध प्रमाण लाग्छ । **प्रहरीले प्रतिवादीलाई कुटपीट गरी बयान गराएको भन्ने कुरा पुष्टि हुने प्रमाण मिसिलबाट नदेखिएको अवस्थामा अदालतमा बयान गर्दा प्रहरीले कुटपीट गरी यातना दिएको भन्ने अपुष्ट भनाईको आधारमा सरकारी वकिल समक्ष गरेको प्रतिवादीको बयानलाइ अन्यथा भन्न नमिल्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट नजिर प्रतिपादन समेत भएको छ (ने.का.प. २०६५, अंक-३, पृ.३२६) । अतः प्रहरीले कुटपीट गरी साविती बयान गराएको भन्ने प्रतिवादीको जिकिरसँग सहमत हुन सकिएन ।

१६. प्रतिवादी विमान घलानले यस कार्यालयमा बयान गर्दा आफ्नो साथबाट पेस्तोल वरामद नभएकोले आफुलाई सजाँय हुनु नपर्ने भनी कसुमा इन्कार रहेता पनि **अदालत समक्ष इन्कार रहदैमा सफाई पाउने भन्ने हुदैन । अधिकार प्राप्त अधिकारी समक्षको बयानलाई समर्थन गर्ने अन्य तथ्यहरु छन् भने ती तथ्यहरु लाई घटनाको समग्रतासँग जोडेर हेर्नुपर्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट बोलिएको पाइन्छ (ने.का.प. २०६६, श्रावण, पृ.५४९) । कुनै विश्वसनीय प्रमाण बिनाको इन्कारी बयानको कुनै अर्थ र प्रामाणिक महत्व रहेन । तसर्थ प्रतिवादीको साथबाट पेस्तोल वरामद भएको

तथ्य पुष्टि हुन आयो । यिनै प्रतिवादी उपर सिन्धुपाल्चोक जिल्ला अदालतमा डाँका चोरी मुद्दा दायर हुनु र अन्य व्यक्तिले एक छिन समात्न दिएको झोलासहित पक्राउमा परेको र झोला खोल्दा कटुवा पेस्तोल रहेछ भनी सुनाएको तथ्यलाई निज प्रतिवादीले स्वीकार गर्नुलाई पनि परिस्थितिजन्य प्रमाण (Circumstantial Evidence) को रुपमा लिन सकिन्छ ।

१७. प्रतिवादीका साक्षी मिलन मगरले यस कार्यालयमा गरेको वकपत्रमा प्रतिवादी विमान घलान विदेश जाने सुरमा मनोज क्षेत्री भन्ने व्यक्तिलाई पैसा दिएको र निजले आजभोली उडाई दिन्छु भन्दै राख्दा राख्दै निज मनोजले विमान घलानलाई एउटा झोला राख्न दिएको र विमान घलानले उक्त झोला राखे पछि प्रहरी बोलाई पक्राउ गरेको हो, निज निर्दोष छन् भनी वकपत्र गरेता पनि वारदात, घटना प्रत्यक्ष रुपमा नदेख्ने वा नसुन्ने साक्षीले गरेको बकपत्रलाई प्रमाणमा लिन सकिएन । किनकि **मौखिक प्रमाण जहिले पनि प्रत्यक्ष हुनु पर्दछ** भन्ने प्रमाण कानुनको स्थापित सिद्धान्त हो । वारदातको समयमा वारदात स्थल भन्दा वाहिर रहेका साक्षीले अनुमानको आधारमा राय दिए जस्तो गरी गरेको वकपत्रलाई प्रामाणिक महत्व दिन सकिएन ।

१८. तसर्थ मिति २०७०।९।२९ गतेको खानतलासी वरामदी मुचुल्का र त्यसमा भएको प्रतिवादीको सहीछाप, अनुसन्धानका क्रममा प्रतिवादीले गरेको साविती वयान, यस कार्यालयमा गरेको इन्कारी बयानलाई समर्थन गर्ने कुनै विश्वसनीय प्रमाण पेश गर्न नसकेको अवस्था समेतका आधारमा यी प्रतिवादी विक्रम भन्ने विमान घलानले विना इजाजत हातहतियार आफुसँग राखेको र साथमा लिई हिडेको पुष्टि भएको हुँदा निजले हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२) र ५ विपरित कसूर गरेको ठहर्छ । सो ठहर्नाले सँजाय तर्फ विचार गर्दा वरामद हतियारको न्यून परिमाण समेतलाई ध्यानमा राखी सोही ऐनको दफा २०(२) बमोजिम ३(तीन) वर्ष कैद हुन्छ । वरामद भई आएको कटुवा पेस्तोल ऐ. दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसील

प्रतिवादी विक्रम भन्ने विमान घलान के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई ३(तीन) वर्ष कैद हुने ठहरेकोले निज पक्राउ परेको मिति २०७०।९।२९ बाट हिरासत र थुनामा बसेको अवधि गणना हुने गरी प्रतिवादी विक्रम भन्ने विमान घलानलाई कैदमा बस्न कैदीपूर्जि र प्रस्तुत इन्साफमा चित्त नबुझे ७०(सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी पुनरावेदन म्याद दिनू.................. ........१

वरामद पेस्तोल जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.........................................................................................२

जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू ................................३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू.......४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .........................................................................५

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा,
ना.सु.भुवराज घिमिरे

..................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्बत् २०७१ साल चैत्र १ गते रोज १ शुभम् .......................